आज मिति २०८२ साल माघ २५ गते आईतबार यस कटारी नगरपालिका, नगरकार्यपालिकाको बैठक नगर प्रमुख श्री राजेश चन्द्र श्रेष्ठज्यूको अध्यक्षतामा बसी देहायका निर्णयहरू गरियो।

उपस्थिति:

| क्र.सं. | पदाधिकारीको नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | राजेश चन्द्र श्रेष्ठ | नगरप्रमुख | |
| २. | गिता खड्का | नगर उपप्रमुख | |
| ३. | पदम लाल मगर | वडाध्यक्ष, वडा नं. १ | |
| ४. | प्रेम बहादुर क्षेत्री | वडाध्यक्ष, वडा नं. २ | |
| ५. | पुष्कर खड्का | वडाध्यक्ष, वडा नं. ३ | |
| ६. | भुपेन्द्र सिंह तामाङ्ग | वडाध्यक्ष, वडा नं. ४ | |
| ७. | मोहन बहादुर तामाङ्ग | वडाध्यक्ष, वडा नं. ५ | |
| ८. | प्रेम बहादुर मगर | वडाध्यक्ष, वडा नं. ६ | |
| ९. | सुविन ढुङ्गाना | वडाध्यक्ष, वडा नं. ७ | |
| १०. | नविन्द्र कुमार तामाङ्ग | वडाध्यक्ष, वडा नं. ८ | |
| ११. | बेग बहादुर आले मगर | वडाध्यक्ष, वडा नं. ९ | |
| १२. | क्षेत्र बहादुर खड्का | वडाध्यक्ष, वडा नं. १० | |
| १३ | अनन्त हायु | वडाध्यक्ष, वडा नं. ११ | |
| १४. | यम्बर बहादुर कटुवाल | वडाध्यक्ष, वडा नं. १२ | |
| १५. | शम्भु श्रेष्ठ | वडाध्यक्ष, वडा नं. १३ | |
| १६. | अम्बर बहादुर मगर | वडाध्यक्ष, वडा नं. १४ | |
| १७. | देवी कुमारी घिमिरे | कार्यपालिका सदस्य | |
| १८. | भगवती अधिकारी | कार्यपालिका सदस्य | |

| | | | |
|---|---|---|---|
| १९. | मेलिना श्रेष्ठ | कार्यपालिका सदस्य | |
| २०. | गिता कुमारी गिरी | कार्यपालिका सदस्य | |
| २१. | सम्झना मुरी मगर | कार्यपालिका सदस्य | |
| २२. | हेम कुमारी बि.क. | कार्यपालिका सदस्य | |
| २३. | मञ्जु कुमारी राई दनुवार | कार्यपालिका सदस्य | |
| २४. | जितेन्द्र बराईली | कार्यपालिका सदस्य | |
| २५. | राजन थापा | सचिव (प्रमुख प्रशासकीय अधिकृत) | |
| बैठक सञ्चालन सहयोगी कर्मचारी | | | |
| १. | | | |
| २. | | | |
| ३. | | | |
| ४. | लोक ब० राई | क. अ. | |

कटारी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कटारी, उदयपुर
कोशी प्रदेश, नेपाल
२०७१

## प्रस्तावहरू:

१. सङ्घीय समपुरक तथा विशेष अनुदान प्रस्ताव सम्बन्धमा।

२. प्रदेश समपुरक तथा विशेष अनुदान प्रस्ताव सम्बन्धमा।

३. आर्थिक सहायता सम्बन्धमा।

४. विविध।

## *निर्णयहरू:*

**प्रस्ताव नं. १** माथि छलफल गर्दा चालु आर्थिक वर्षका लागि प्राप्त हुन आएको बहुउद्देश्यीय पार्क निर्माण, कटारी नगरपालिका सङ्घीय समपुरक अनुदानलाई क्रमागत योजनाका रूपमा निरन्तरता दिने र आगामी आर्थिक वर्ष २०८३/८४ का लागि सङ्घीय समपुरक तथा विशेष अनुदान तर्फ यस प्रकारका योजनाहरू प्रस्ताव गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

### सङ्घीय समपुरक अनुदान तर्फ

१. बेतिनि कटुञ्जे पाल्सिङ्ग हुँदै वडा नं १० जाने बाटो स्तरोन्नति, वडा नं. १०

२. जहडी तित्रीबोट गबुवा शहरी क्षेत्र सडक स्तरोन्नति वडा नं. ४

३. ज्यामिरे खोला पुल निर्माण वडा नं. १

### सङ्घीय विशेष अनुदान तर्फ

१. कालिखोला सिमसार संरक्षण तथा ड्याम निर्माण वडा नं. १

२. रिस्कु खानेपानी आयोजना वडा नं. ७

३. भोर्ले खानेपानी आयोजना वडा नं. ५

४. बहुक्षेत्रीय पोषण योजना तेस्रोमा आधारित "स्वास्थ्य आमा-स्वास्थ्य बाल अभियान" रणनीति अनुरूप मातृ तथा बालबालिकाको पोषण सुदृढीकरण र प्रवर्द्धन कार्यक्रम

**प्रस्ताव नं. २** माथि छलफल गर्दा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि प्रदेश समपुरक तथा विशेष अनुदान तर्फ यस प्रकारका योजनाहरू प्रस्ताव गरी पठाउने सर्वसम्मत निर्णय गरियो ।

### प्रदेश समपुरक अनुदान तर्फ

१. गोकुले-वडा नं. १३ को कार्यालय हुँदै खानीखोला जाने बाटो स्तरोन्नति वडा नं. १३

२. कटुञ्जे-खोला गाउँ-वडा नं. ९ को कार्यालय हुँदै चौकी भञ्ज्याङ्ग जाने बाटो स्तरोन्नति वडा नं. ९

### प्रदेश विशेष अनुदान तर्फ

१. गिद्धवर गल्छि नियन्त्रण वडा नं. २

२. सरस्वति मा वि हर्देनी संरक्षण वडा नं. ११

३. बेतिनी पर्यटन पार्क निर्माण वडा नं. ११

४. शैक्षिक सुधार तथा गुणस्तरीय शिक्षा सञ्चालन परियोजना

कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७१

प्रस्ताव नं. ३ माथि छलफल गर्दा सम्बन्धित वडा कार्यालयको सिफारिस, उपचाररत अस्पतालको कागजपत्र तथा निवेदकको निवेदनका आधारमा तपशिल बमोजिमका व्यक्ति/संस्थालाई देहाय अनुरुप आर्थिक सहायता दिने सर्वसम्मत निर्णय गरियो।

| क्र.सं. | व्यक्ति/संस्थाको नाम | वडा | कारण | सहायता रकम (रु.) |
|---|---|---|---|---|
| १ | दिल कुमारी मगर | वडा नं.२ | पाठेघर बिरामी | २००००/- |
| २ | मनसरी राई | वडा नं.७ | मुटु रोग सम्बन्धी बिरामी | २००००/- |
| ३ | रुद्र बहादुर कुमर दनुवार | वडा नं.३ | पक्षघात | २००००/- |
| ४ | सुकुमाया दमाई | वडा नं.५ | खुट्टा सम्बन्धी बिरामी | २००००/- |
| ५ | सुवास थापा | वडा नं.३ | खुट्टा सम्बन्धी बिरामी | २००००/- |
| ६ | अनोज कुमार दनुवार | वडा नं.७ | मुटु रोग सम्बन्धी बिरामी | १५०००/- |
| ७ | रंजु सदा | वडा नं.५ | मुटु रोग सम्बन्धी बिरामी | २००००/- |
| ८ | देवराज राई | वडा नं.१४ | खुट्टा सम्बन्धी बिरामी | २००००/- |
| ९ | शुक्ल बहादुर कार्की | वडा नं.१२ | टाउकोको शल्यक्रिया | २००००/- |
| १० | गदमे खत्री खोला सिंचाई कुलो मुहान मर्मत | वडा नं. ६ | पारिश्रमिक भुक्तानी | ३१,३५०/- |
| ११ | सृजना राई | वडा नं. ७ | कलेजो रोग सम्बन्धी बिरामी | २५०००/- |
| १२ | राज कुमर दनुवार | वडा नं. ५ | अति वपन्न | २००००/- |
| १३ | संजिव खत्री | वडा नं. ६ | टाउकोको शल्यक्रिया | २००००/- |

प्रस्ताव नं. ४ माथि छलफल गर्दा विविध तर्फ यस प्रकारका निर्णय गर्ने सर्वसम्मत निर्णय गरियो।

१.१. कटारी क्षेत्रको भौगोलिक विकटता र आवश्यकतालाई मध्यनजर गरी यस क्षेत्रमा थप एम्बुलेन्स आवश्यक रहेको हुँदा कटारी नगरपालिका वडा नं.४ स्थित कटारी अस्पताल, कटारीको लागि राजश्व छुट सहित एम्बुलेन्स खरिद गर्न सम्बन्धित निकायलाई सिफारिस गर्न जिल्ला एम्बुलेन्स व्यवस्थापन समिति, उदयपुरलाई अनुरोध गर्ने सर्वसम्मत निर्णय गरियो।

१.२. यस कटारी नगरपालिकामा कार्यरत पब्लिक हेल्थ नर्स समूह, सहायकस्तर पाँचौ तह, सि.अ.न.मी. पदमा कार्यरत श्री सीता दनुवार (क.सं.नं. २१६१७३) ले चिकित्सा शिक्षा आयोगद्वारा सञ्चालन गरिएको चिकित्सा शिक्षा स्नातक तहको (MECEE-BL-2026) प्रवेश परीक्षा उत्तीर्ण गरेको हुँदा BNS/BMS शैक्षिक कार्यक्रमा अन्तर्गत सरकारी कोटामा त्रिभुवन विश्वविद्यालय अन्तर्गको विराटनगर नर्सिङग क्याम्पसमा BNS अध्ययन गर्न स्थानीय सरकारी सेवा (गठन तथा सञ्चालन) ऐन, २०८० को दफा १२० र १२४ बमोजिम मिति २०८२/११/१० देखि लागु हुनेगरी तीन (३) वर्षको लागि तलबी अध्ययन बिदा स्वीकृत गर्ने सर्वसम्मत निर्णय गरियो।

१.३. आ.व. २०८०/८१ सम्म विभिन्न मितिमा जम्मा गरिएको कम्पनी/फर्म/संस्था तथा उपभोक्ता समितिको नाममा रहेको प्रयोजन बिहिन धरौटी रकम प्रचलित कानुन बमोजिम सदरस्याहा गर्ने सर्वसम्मत निर्णय गरियो।

कटारी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कटारी, उदयपुर कोशी प्रदेश, नेपाल २०७१